

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ फागुन २३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 07 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १९१


## आपसी सहमतिमा न्यायोचित मुआवजा दिएको –नगरप्रमुख साह

प्रस, रौतहट, २२ फागुन/

गत वर्षकै निरन्तरता स्वरूप मौलापुर नगरपालिकाले यस वर्ष पनि स्थानीयको उत्साहवर्द्धक सहयोग, सद्भाव एवं सहमति गरेर न्यायोचित मुआवजा दिएको बताइन् । किसानहरूलाई मुआवजा दिए तापनि आफूले मिहिनेत गरी लगाएको हरियो बाली आफ्नै आँखाअगाडि काटिदा



तस्वीर: प्रतीक

सक्रिया सहभागितामा मधानी महायज्ञ विशेष समारोह–२०७७ को आयोजना गर्न लागेको नगरप्रमुख रिना साहले बताएकी छन् ।

मौलापुरको महादेवस्थानमा आयोजित पत्रकार सम्मेलनमा शनिवार उनले महायज्ञ तयारीको क्रममा आवश्यक पर्ने जग्गा नगरपालिकाले स्थानीयसँग उनीहरूको मनोभावलाई छुनु स्वाभाविक भएको उनले बताइन् ।

विगत लामो समयदेखि ओझेलमा परेको महत्त्वपूर्ण सम्पदालाई सङ्घ तथा प्रदेश सरकारले विशेष प्राथमिकताका साथ अगाडि बढाउनुपर्नेमा नबढाइरहेको भन्दै उनले गुनासो व्यक्त गरिन् । नगरपालिकाको अगुवाइ तथा स्थानीय जनसमुदायको उत्साहवर्द्धक एकता र सक्रिय सहभागितामा अगाडि बढेको नगरप्रमुख साहको दाबी थियो । मौलिक धार्मिक अनुष्ठान मधानी (कवरथुवा) निरन्तर एक हप्तासम्म सञ्चालन हुने र त्यसमा भारत वृन्दावनको रासलीला, शिवलीला, नेपाल तथा भारतका चर्चित कलाकारहरूद्वारा सांस्कृतिक प्रस्तुति, विभिन्न खेलतमासा, नेपाल र भारतका प्रतिष्ठित पहलवानहरूको कुश्ती खेल, देशका विशिष्ठ राजनीतिक नेतृत्व एवं व्यक्तित्वहरूको सहभागितासहितको समारोह आयोजना गर्न लागिएको नगरप्रमुख साहले जानकारी गराइन् ।

आर्थिक समुन्नति एवं विकासमा विशेष टेवा पुग्ने गरी मौलापुरको गरिमा, गौरव, मानसम्मान एवं प्रतिष्ठामा निरन्तर बढोत्तरी गर्ने उद्देश्यले उपप्रधानमन्त्री इश्वर पोखरेलको प्रमुख आतिथ्य तथा प्रदेश प्रमुख डा राजेश झासहितका अतिथिहरूको सहभागितामा मधानी महायज्ञ समारोह–२०७७ आयोजनाको तयारी अन्तिम चरणमा रहेको नगरप्रमुख साहले बताइन ।

तराई–मधेस ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटनको उद्गमस्थल भएको बताउँदै उनले मौलापुर नगरपालिकाको पतौरा टोलमा महादेव मन्दिर महत्त्वपूर्ण सम्पदा भएको र सरकारको पर्यटकीय गन्तव्यमध्येको एक महत्वपूर्ण गन्तव्य रहेको बताइन् । उनले विगतका कमीकमजोरीलाई आत्मसात् गरी सुधार गर्दै जाने आश्वासन दिइन् । सो अवसरमा उपप्रमुख गौरीशङ्कर जयसवाल, प्रमुख प्रशासकीय अधिकृत रामबाबूप्रसाद साहलगायतको सहभागिता थियो ।

## दुईजना महिलासहित ७१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २२ फागुन/

वीरगंज महानगरपालिका–१४ सानो पिपरामा युवा समाज पिपराले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ७१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजको मूलगेटमा आयोजित रक्तदान कार्यक्रमको उद्घाटन नगरप्रमुख विजयकुमार सरावगीले गरेका थिए । समाजका अध्यक्ष अनिल पटेलको अध्यक्षतामा भएको कार्यक्रममा नेकपाका नेता रहबर अन्सारीले रक्तदान गरेपछि स्वास्थ्यमा हुने फाइदाका बारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा सीमा पटेल, सुनीता श्रेष्ठ, रवीन्द्र दास, प्रताप पटेल, शिवरतन साह, राकेश साह, रवीन्द्र पटेल, मन्तोष



तस्वीर: प्रतीक

पटेललगायतले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेयले बताए ।

## कलैयाको तरकारी तथा फलफूल बजारमा क्युआर कोड हस्तान्तरण

प्रस, कलैया, २२ फागुन/

नेपाल राष्ट्र बैंकले अहिले क्युआर कोडमार्फत हुने भुक्तानीलाई अभियानकै बनाउन नेराबैंकले क्युआर कोड स्ट्यान्डराइजेशन फ्रेमवर्क र गाइडलाइन पनि जारी गरेको तथा दैनिक विद्युतीय



तस्वीर: प्रतीक

रूपमा अघि बढाएको सन्दर्भमा माछापुच्छ्रे बैंक, कलैया शाखाले बारा, कलैयास्थित तरकारी तथा फलफूल बजारका ४५ जना व्यवसायीलाई क्युआर कोड हस्तान्तरण गरेको छ ।

नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालयका निर्देशक डा राजनकृष्ण पन्तको प्रमुख आतिथ्यमा सम्पन्न क्युआर कोड हस्तान्तरण कार्यक्रममा निर्देशक पन्त, कलैया उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष प्रदीप साहलगायतले बजारमा सामान खरीद गरी क्युआर कोडमार्फत भुक्तानी गरेका थिए ।

निर्देशक डा पन्तले नेराबैंकको प्रमुख उद्देश्य स्वस्थ, सुरक्षित र सक्षम भुक्तानी प्रणालीको विकास गर्नुरहेको बताए । उनले यस सन्दर्भमा क्युआर कोड भुक्तानी प्रणाली सुरक्षित, भरपर्दो र विश्वासिलो कारोबारको सीमासमेत दोब्बर गरेको बताए । उनले नयाँ नोट छपाइ एवं ढुवानी गर्दा ठूलो धनराशि खर्च हुने भएकोले क्युआर कोड भुक्तानी सेवामार्फत राज्यको खर्च घटाउन सहयोग पुग्नुका साथै ग्राहक एवं खुद्रा पसले दुवैलाई फाइदा हुने दाबी गरे ।

उनले निकट भविष्यमा प्रत्येक तरकारी तथा फलफूल बजार तथा साना–ठूला सबै पसलमा क्युआर कोडबाट भुक्तानी गर्न सकिने व्यवस्था गर्ने योजना रहेको बताए ।

कार्यक्रममा माछापुच्छ्रे बैंक प्रदेश २ का प्रादेशिक प्रबन्धक डिल्लीराम गिरी, नेपाल राष्ट्र बैंक, वीरगंजका सहायक निर्देशक अमिस शर्मा, कलैया तरकारी बजारका अध्यक्ष दीपलाल साहलगायतको सहभागिता थियो ।

## खोपबारे ज्येष्ठ नागरिकलाई जानकारी

प्रस, ठोरी, २२ फागुन/

कोरोनाविरुद्धको खोपबारे ठोरी गाउँपालिकाका ज्येष्ठ नागरिकहरूलाई अभिमुखीकरण कार्यक्रम गरी जानकारी गराइएको छ ।

आइतवार फागुन २३ गतेदेखि सरकारले ६५ वर्ष पूरा भएका ज्येष्ठ नागरिकलाई कोरोनाविरुद्धको खोप दिने कार्य शुरू गर्ने हुनाले ठोरी गाउँपालिकाले गापामा भएका ज्येष्ठ नागरिकहरूलाई जानकारी गराउने अभिप्रायले कार्यक्रम आयोजना गरेको स्वास्थ्य संयोजक रमेश थिङले बताए ।

गापा कार्यालय घ्याङडाँडामा आयोजित कार्यक्रममा सहभागीहरूलाई


(बाँकी तेस्रो पातामा)





**भगवान्ले मात्र तुच्छभन्दा तुच्छ जीवको सुख–दुःखको कुरा ध्यानले सुन्छन् र उसलाई सुखी गर्ने प्रयास गर्छन् ।**

**-विचारसार र सूक्तिहरू**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# नीति हराएको सत्ता राजनीति


समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com


**सत्ता स्वार्थका लागि जस्तोसुकै अस्वाभाविक गठबन्धन सम्भव हुने नेपाली राजनीतिमा काङ्ग्रेसले सत्ताको डाडुपन्यूँ समात्यो भने पनि त्यो आश्चर्य हुनेछैन । नेकपाजनको रडाकोको रहस्य के हो ? प्रचण्ड–माधव समूहले ओलीलाई धारे हात लगाउनुको अन्तर्य के हो ?**

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनको सरकारको कदमलाई अमान्य ठहर गरेपछि यतिखेर मुलुकको राजनीति सत्तामा एकोहोरिएको छ । यसो त, विघटनदेखि पुनर्स्थापनाका लागि आन्दोलन र त्यसयताका राजनीतिक परिदृश्यहरूको मूल जड सत्ता सङ्घर्ष नै हो । सर्वोच्चले प्रतिनिधिसभा पुनर्स्थापनाको फैसला दिएपछि धेरैले प्रधानमन्त्री केपीशर्मा ओलीले राजीनामा अपेक्षा गरेका थिए । राजीनामा नदिने र अविश्वासको प्रस्ताव सामना गर्ने अडानले ओली अहिले पनि सकभर सत्तामा टाँसिने उपायको खोजीमा छन् भन्ने प्रस्ट भइसकेको छ। ओली प्रवृत्तिको विरोधमा उत्रिएको नेकपाकै अर्को समूह ओलीलाई सत्ताबाट झार्न आतुर छ । ओलीले सत्तामैं रहनका लागि विधि र प्रक्रिया मिचेर चालेको कदमको विरोधमा उत्रिएका नेकपाजनहरूको ध्येय पनि सत्ताबाहेक अन्य होइन भन्ने बुझ्न धेरै माथापच्ची आवश्यक छैन । ओली आचरण लोकतन्त्र र पद्धतिको प्रतिकूल थियो भन्नेमा विवाद भएन, विधिको पक्षमा उत्रिएकाहरूको साध्य पनि सत्ताप्राप्तिबाहेक अन्य केही होइन । लोकतन्त्र, जनहित र लोककल्याण त सत्तासम्म पुग्ने देखावटी आलाप मात्रै हुन् ।

सत्तासीन दल कानूनीरूपमा अझै एक भएपनि व्यावहारिकरूपमा दुई भइसकेको छ । एकले अर्कोलाई कारबाही गर्ने र पार्टीबाट निकाल्ने सिलसिला जारी छ। मध्यमार्गी धारमा देखा परेका नेकपाका केही नेता यसलाई जोड्ने प्रयत्नमा छन्। यस्ता प्रयास सार्थक हुने सम्भावना कमै मात्र प्रकट भइराखेको छ । ओलीले पदबाट राजीनामा नदिएपछि यतिखेर सत्ता राजनीतिको तानातान पुनर्स्थापित प्रतिनिधिसभामा पुग्ने निश्चित भइसकेको छ । निर्वाचन आयोगले नेकपाको आधिकारिता कुन समूहसित छ भनेर टुङ्गो लगाउन सकेको छैन । प्रचण्ड–माधव समूहले आफूहरूसित बहुमत केन्द्रीय सदस्य रहेकाले आधिकारिक रहेको दाबी कसेको छ । ओली पक्ष नेकपा कानूनीरूपमैं नफुटेको र प्रचण्ड–माधवहरूले फुटाउने प्रयत्नमा रहेको बताइराखेको छ । यी दुवैथरीका आफूअनुकूलका तर्कहरू मात्रै हुन् । एकथरी नेताहरू निर्वाचन आयोगले विवाद निरूपण गर्न नसके प्रतिनिधिसभामा हुने मतविभाजनका आधारमा यो विषयको निष्कर्ष निकाल्न सकिने बताइराखेका भेटिन्छन् । सत्य यो पनि हो कि यो प्रक्रियाबाट संसद्मा कुन समूहको संसदीय दलको नेता आधिकारिक हो भन्ने निर्णय हुन त सक्ला, दलको आधिकारिकता संसद्ले निर्धारण गर्न सक्दैन। संसदीय दल र राजनीतिक दल फरक विषय हुन् ।

नेकपाको प्रचण्ड–माधव समूहले पुष्पकमल दाहाललाई संसदीय दलको नेता घोषणा गरेको छ। यो समूहका हरेकजसो कदममा वैधानिकताको प्रश्न उठाउँदै आएको ओली समूहको प्रतिक्रिया बाँकी छ। कानूनतः पार्टी विभाजन भइनसकेको र अहिले पनि संसदीय दलको नेताको हैसियतमा ओली प्रधानमन्त्री रहेकाले प्रचण्ड–माधव समूहको संसदीय दलको नेताको वैधानिक हैसियतमा प्रश्न उठ्दैन भनेर ढुक्क हुने आधार छैन । यसअघि पनि प्रचण्ड–माधव समूहले प्रचण्डलाई संसदीय दलको नेता बनाएकै हो । यो प्रक्रिया नेकपाको विधानसँग मेल नखाने र मान्य नहुने तर्क ओली समूहको छ । ओलीले आफूले बोलाउने संसदीय दलको बैठकबाट आफूलाई हटाउन चुनौती दिइसकेका छन् ।

प्रतिवाद र तर्क जेजस्ता गरे पनि ओली यतिखेर रक्षात्मक कुनामा पुगिसकेका छन्। अविश्वासको प्रस्तावको सामना गर्ने अडान केही दिनकै लागि भएपनि सत्ता लम्ब्याउने उपाय भने बन्न सक्दछ। ओली अरू केही समय सत्तामा टाँसिनकै लागि आफैंले विघटन गरेको संसद्को सहारा लिने उद्देश्यमा एकोहोरिएका छन् । प्रतिनिधिसभा विघटनजस्तो असंवैधानिक र राजनीतिक पतनको बाटो रोजेका ओलीले सर्वोच्चको फैसलापछि राजीनामा दिएको भए कम्तीमा सहानुभूतिको स्थान हुन सक्थ्यो। राजीनामा नदिने र आफैंले विघटन गरेको संसद्मा अविश्वासको प्रस्ताव स्वीकार गर्ने हठले ओलीको राजनीति नैतिकरूपमा पनि विघटनकै बाटोमा दौडिएको छ । प्रस्ताव असफल बनाउने आधारहरू कमजोर प्रतीत भइराखेको दृश्यावलीमा ओलीको राजनीति नै धराशयी हुने जोखिम देखा परेको छ । जुन प्रतिनिधिसभाले कामै गर्न नदिएको आरोप लगाएर ओलीले विघटनको सिफारिश गरेका थिए, त्यही प्रतिनिधिसभासित समर्थन माग्नुपर्नेजस्तो दयनीय अवस्थामा पुगिसकेका छन् । प्रकारान्तरले कुर्सीमा टाँसिने ओलीको हठले उनी स्वयंको राजनीतिक उचाइलाई पुड्को मात्र बनाएको छैन, अब त्यो राजनीतिक ओजको पुनर्प्राप्ति असम्भव प्रायः छ ।

ओलीसित कुनै पनि शर्तमा सहकार्य हुन नसक्ने प्रचण्ड–माधव समूहको अडान र अन्य विपक्षी दलको ओलीप्रतिको दृष्टिकोणले ओली अल्पमतमा पर्ने निश्चितजस्तै छ। यो अवस्थालाई बुझेका नेकपा सांसदहरू स्वयम् पनि प्रचण्ड–मावध समूहतिरै ढल्किएका सङ्केत संसदीय दलको नेता चयनका लागि राखिएको सांसदहरूको भेलाबाटै प्रमाणित भइसकेको छ। ओलीले आफूसित बहुमत सांसद भएको दाबी गरिराखेको अवस्थामा प्रचण्ड–माधव समूहको भेलामार्फत ११५ जना सांसदको समर्थनको अङ्कगणित बाहिरिएको छ । प्रतिनिधिसभामा १७४ जना सांसद रहेको नेकपाको संसदीय दलको नेता बन्न ८८ जना सांसद आवश्यक पर्छ। संसदीय दलबाट आफूलाई हटाउन चुनौती दिएका ओलीको दम्भका लागि यो गतिलो झापड पनि हो ।

संसद्मा अविश्वासको प्रस्ताव पारित हुने अवस्था आएमा अर्को पक्षको सरकार बन्नै नदिने रणनीति ओली पक्षको देखिएको छ। ओलीको पक्षमा ५७ जना सांसद देखिएका छन् । प्रतिनिधिसभाका २७५ सदस्यमध्ये मतदान गर्न पाउने २६९ सांसद छन् । नेपाली काङ्ग्रेससँग ६१ र जनता समाजवादी पार्टीसँग ३२ मत छ। वामदेव गौतम समूह, राप्रपा, राष्ट्रिय जनमोर्चा र नेमकिपासँग १/१ मत छ । एकजना स्वतन्त्र सांसद प्रचण्ड–माधव समूहको पक्षमा छन् । सभामुखले मतदान गर्दैनन् । यो अङ्कगणितमा सरकार बनाउन वा जोगाउन १३८ जनाको समर्थन चाहिन्छ। ओलीलाई आफ्नो रणनीतिमा सफल हुन काङ्ग्रेस र जनता समाजवादी पार्टीको साथ चाहिन्छ। उनको कदमलाई प्रतिगमन भनेका दलले ओलीलाई साथ दिने सम्भावना देखिन्न । हुनत सत्ताका लागि जस्तोसुकै अस्वाभाविक गठबन्धनमा अग्रसर हुने राजनीतिक दृश्यहरू समकालीन नेपाली राजनीतिको लागि नौलो होइन। भन्दा जे भनिए पनि संसद्मा बहुमत देखाउन नसक्ने भयले नै ओलीले चुनावमा जान खोजेका थिए । त्यो विकल्प बन्द भइसकेको छ। प्रचण्ड–माधव समूहलाई ओलीको सत्ता ढलाउन वा आफ्नो सरकार बनाउन दुवै सत्ताखेल सहज देखिएको छ ।

अहिले सत्ता राजनीतिमा प्रमुख विपक्षी नेपाली काङ्ग्रेस केन्द्रीय भूमिकामा देखा परे पनि ओलीको असंवैधानिक कदमको प्रतिवादमा जुन भूमिका निभाउनुपर्ने थियो, त्यसमा पूर्ण असफल भएको छ । आफूलाई लोकतन्त्रको एकल अभियन्ता ठान्ने काङ्ग्रेसले ओलीको कदमको विरोधमा एकाध कर्मकाण्डी वक्तव्यबाजी र प्रदर्शनबाहेक रचनात्मक काम गर्न सकेन। चुनाव र सत्ता साझेदारी दुवैतिर खुट्टा राखेको काङ्ग्रेसको मूल नेतृत्वले ओली कदमको विरोधमा सच्चा प्रतिपक्षको भूमिका निभाउनु कर्तव्य थियो। सभापति शेरबहादुर देउवाको सत्तालक्षित राजनीति अहिलेको प्रकरणमा काङ्ग्रेसले प्राप्त गर्न सक्ने राजनीतिक उचाइको अवरोध बनेकोमा द्विविधा छैन । ओलीको कदमबारे काङ्ग्रेस नेतृत्वमा देखिएको ध्रुवीकरणले यसको पुष्टि गरिसकेको छ।

अहिले 'ढोकामा आइसकेको प्रधानमन्त्रीको पदलाई झ्यालबाट हेरिरहेको' काङ्ग्रेसभित्रै पनि सत्ता साझेदारीका सन्दर्भमा एकमत छैन। काङ्ग्रेस सभापतिमा सत्ता नेतृत्वको लालसा पलाइराखेको छ । राजनीतिमा सत्ता निर्माण र विघटन स्वाभाविक प्रक्रिया भएपनि काङ्ग्रेसलाई जनताले प्रतिपक्षमा बस्ने मतादेश दिएको तथ्यलाई बिर्सिएर सत्ता नेतृत्वको लालच राख्नु चाहिं अस्वाभाविक हो । प्रकारान्तरले यो जनमतको अपमान हो। सत्ता स्वार्थका लागि जस्तोसुकै अस्वाभाविक गठबन्धन सम्भव हुने नेपाली राजनीतिमा काङ्ग्रेसले सत्ताको डाडुपन्यूँ समात्यो भने पनि त्यो आश्चर्य हुनेछैन। नेकपाजनको रडाकोको रहस्य के हो ? प्रचण्ड–माधव समूहले ओलीलाई धारे हात लगाउनुको अन्तर्य के हो ? घरायसी लफडामा केपी ओलीले प्रतिनिधिसभा विघटनजस्तो आत्मघाती काम किन गरे ? यो विशुद्ध स्वार्थ टकरावको परिणाम हो। जसले जतिसुकै जनता र लोकतन्त्रको दुहाइ दिए पनि ती सबै सत्ताको दुनो सोझ्याउने उपक्रमबाहेक अन्य केही होइन ।

# कार्यको दबाबलाई यसरी सम्हालौं

कुनै पनि क्षेत्रमा जिम्मेवारीको पदमा कार्यको अधिकता एउटा नित्यप्रतिको सत्य हो, जुन व्यक्तिले सामना गर्नुपर्छ। यदि यसलाई सही ढङ्गले गरिएन भने बोझ बढ्दै जान्छ र गहिरो तनावको स्थिति बन्न थाल्छ, जुन सोच्ने शक्तिलाई कुन्द गर्न सक्छ तथा किंकर्तव्यविमूढताको स्थिति ल्याउन सक्छ । यस्तोमा कार्य प्रभावकारी ढङ्गले विनातनाव कसरी निप्टारा गर्ने, यहाँ केही सूत्रको चर्चा गरिएको छ ।

**कार्यको दबाबबाट निप्टाउनमा स्वस्थ एवं निरोगी तन–मनको महत्त्वलाई बेवास्ता गर्नुहुँदैन । खानपानको लापरवाही एवं पर्याप्त निद्राको अभावले जीवनको लय डगमगाउन सक्छ । अतः पौष्टिक भोजन, पर्याप्त निद्रा महत्त्वपूर्ण हुन्छ ।**

**यो मानेर हिंड्नुस् कि तपाई सबैथोक गर्न सक्नुहुन्न–** यो एउटा तथ्य हो कि हामी सबै कार्य गर्न सक्दैनौं । हरेक व्यक्तिको एउटा सीमा हुन्छ । यस्तोमा हरेक कामको ठेक्का लिंदा भार यस प्रकार बढ्छ कि कुनै पनि काम सही ढङ्गले हुन सक्दैन । कामको बोझको दबाबले सोच्ने शक्तिलाई कुन्द गरिदिन्छ र तनावको स्थित ल्याउँछ। यस्तोमा यो आवश्यक हुन्छ कि हामी यो चिह्नित गरौं कि आफ्नो श्रेष्ठतम प्रयासको बावजूद योजनाको हिसाबले आफ्नो व्यक्तिगत एवं व्यावसायिक जीवनमा के चल्न सकिरहेको छैन, यो स्वीकार्ने समझ र साहस महत्त्वपूर्ण हो, जसबाट कि हाम्रो भावी रणनीति तय हुन सक्छ ।

यस्तोमा आफ्नो शक्तिमाथि ध्यान केन्द्रित गर्दै आफ्नो क्षमताको बाहिरको कार्यलाई टीमको उपयुक्त सदस्यहरूमा हस्तान्तरित गर्नुपर्छ । यसको लागि आफ्नो टीमका सदस्यहरूको शक्ति एवं क्षमताको समझ आवश्यक हुन्छ, जसबाट कि कामको वितरण सदस्यको प्रतिभा अनुकूल हुन सकोस् । बीच–बीचमा नियमित अन्तरालमा ऊसँग प्रगतिको विवरण लिन सकिन्छ, कार्य सन्तोषजनक भएपछि उचित प्रोत्साहन दिएर तथा त्रुटि भएपछि आवश्यक मार्गदर्शन र भूल सुधार गर्दै कार्यलाई इच्छानुकूल टुङ्ग्याउन सकिन्छ ।

योजना बनाउनको लागि पर्याप्त समय दिनुपर्छ । कुनै पनि कार्यलाई टुङ्ग्याउनको लागि सही योजना बनाउनु महत्त्वपूर्ण हुन्छ । यसको लागि निकालिएको समयलाई कहिले पनि समयको बर्बादी ठान्नुहुँदैन । प्रायः व्यक्तिबाट यो बुझ्न गलती हुन्छ किनभने जति उत्कृष्ट तयारी हुन्छ, त्यत्ति नै पछि गएर कार्य सही ढङ्गबाट सम्पन्न हुन्छ, समयको बचत हुन्छ र योजना बनाउनमा नियोजित समय र ऊर्जाको कैयौं रूपमा फलित हुन्छ ।

अमेरिकाका महान् राष्ट्रपति अब्राहम लिङ्कनको उक्ति यहाँ स्मरण गर्न योग्य छ, जब उनी भन्थे कि यदि मलाई एउटा रूख काट्नको लागि ६ घण्टा समय दिइन्छ भने म पहिले चार घण्टा बन्चरोमा धार लगाउन समय लगाउँछु किनभने यस्तो धारिलो बन्चरोबाट रूख काट्न दुई घण्टा नै काफी हुन्छ । यो तयारी वा योजनामा खर्च गरिएको समयको सन्दर्भमा पनि सत्य हुन्छ ।

**प्राथमिकतामाथि ध्यानकेन्द्रित–** कार्यलाई दबाबपूर्ण तरीकाले निप्टाउनको लागि कार्यको प्राथमिकताको बोध महत्त्वपूर्ण हुन्छ । योजनाको आधारमा कार्यको प्राथमिकता तय हुन्छ। तदनुरूप कार्यलाई टुङ्ग्याउन सकिन्छ। यदि ध्यान प्राथमिकतामा छैन भने व्यक्ति अनावश्यक कार्यमा अल्झिन्छ र महत्त्वपूर्ण कार्य अधूरो नै रहन्छ ।

यस्तो अवस्था नआओस्, यसको लागि कार्यलाई चारवटा भागमा बाँड्न सकिन्छ– (१) महत्त्वपूर्ण एवं तात्कालिक, जसलाई समयमा निप्टाउन अनिवार्य हुन्छ। (२) महत्त्वपूर्ण तर गैरतात्कालिक, जसलाई पछि गर्न सकिन्छ (३) गैरमहत्त्वपूर्ण तर तात्कालिक, जसलाई अरूसँग बाँड्न सकिन्छ र (४) गैरमहत्त्वपूर्ण र गैरअनिवार्य, जसलाई निरस्त गर्न सकिन्छ ।

**विघ्नकारी तत्त्वदेखि सावधानी–** आजको युगमा स्मार्टफोन र सामाजिक सञ्जाल एउटा ठूलो विघ्नको रूपमा अगाडि आएको छ, जसमा उपलब्ध प्रलोभनले उपयोगकर्ताको ध्यान र जीवनको लयलाई भङ्ग गरिरहन्छ, तर यसको आफ्नै उपयोगिता एवं अपार सम्भावना पनि छ । अतः यसलाई विवेकपूर्ण उपयोग गर्दै, यससँग सम्बन्धित व्यवधानबाट जोगिन सकिन्छ ।

यसप्रकार समयलाई बर्बाद गर्ने अनावश्यक भेटघाटबाट सकारात्मक ढङ्गले निप्टाउन आवश्यक हुन्छ। यस्तोमा विनम्रतापूर्वक एवं दृढताको साथ अस्वीकार गर्ने अभ्यास महत्त्वपूर्ण हुन्छ, अन्यथा अधिकांशतः अस्वीकार गर्न नसकेको कारण पछि गएर गैरमहत्त्वपूर्ण कार्यमा बर्बाद गरिएको समय अनिवार्य कार्यको सन्दर्भमा सङ्कटकालीन स्थिति उत्पन्न गर्न सक्छ । यस्तै समय एवं एकाग्रतालाई भङ्ग गर्नेवाला अन्य अवरोधलाई चिह्नित गरेर यसलाई निप्टाउने कार्ययोजना पनि बनाउन सकिन्छ ।

**कार्यालय एवं घरपरिवारको सन्तुलनमाथि ध्यान–** घरपरिवार र कार्यक्षेत्र अर्थात् कार्यालयबीच सन्तुलन राख्नुपर्छ। यदि हामी यस दिशामा सजग छैनौं भने समयको साथ अनावश्यक तनाव एवं विषाद हुर्किन थाल्छ, जुन हाम्रो कार्यक्षमतालाई नराम्ररी प्रभावित गर्न सक्छ । अतः घरपरिवार, मित्र–सम्बन्धीको सन्दर्भमा एक सन्तुलित एवं व्यावहारिक रूख उपयोगी रहन्छ, जुन जीवनको गुणवत्तालाई प्रभावित गर्छ । यसको लागि एउटा निश्चित समय निर्धारित गर्दै एउटा सन्तुलनको साथ काम गर्नु समझदारीपूर्ण कदम मानिन्छ।

**कैयौं काम एक साथ नगरौं–** धेरै काम एकैसाथ हातमा लिनुहुँदैन, किनभने यस्तोमा ध्यान बाँडिन्छ र मनोवाञ्छित सफलता हात लाग्दैन । एकसाथ कैयौं काम हातमा लिंदा कुनै पनि कार्य सही ढङ्गले नभएपछि मनमा हताशा र कुण्ठा हुर्किन थाल्छ । यसबाट जोगिन एक समयमा एउटा मात्र कार्यमाथि ध्यानकेन्द्रित गर्नुपर्छ, साथै कार्यलाई टुक्रामा बाँडेर एक/एक गर्दै टुङ्ग्याउनुपर्छ । हरेक सफलता मनमा नयाँ विश्वास एवं रुचि जगाउँछ र ठूलो कार्य सम्पन्न गर्न सरल हुन्छ ।

साथै समयसारिणी बनाउन सकिन्छ, जसमा कार्यलाई निकै उपयोगी, कम उपयोगी एवं गैरउपयोगीजस्ता वर्गमा छुट्याएर दिनभरिमा कति घण्टाको नियोजन भयो, कहाँ समय खेर भइरहेको छ, यी सबैको हिसाबकिताब राख्न सकिन्छ । साताको अन्त्यमा यसको लेखाजोखा गर्दै समयको प्रभावी नियोजनको रणनीति नयाँ सिराबाट तय गर्न सकिन्छ ।

**आफ्नो उत्साह एवं ऊर्जालाई बनाइराख्नुपर्छ–** कार्यको दबाबको बीच मनको दृढता एवं आन्तरिक उत्साह–विश्वास निकै अर्थ राख्छ, जसलाई हरेक अवस्थामा बनाइराख्ने प्रयास गर्नुपर्छ । यस्ता कारकबाट बचौं, जसबाट यसको क्षय हुन्छ । आफ्नो आशा–उत्साहलाई बनाएर राख्न सकारात्मक सोचको आधारमा सम्भव छ। कार्यको दबाबको बीच ससाना विश्राम लिनुपर्छ। एक–डेढ घण्टापछि केही मिनेट र सातामा एक दिन बिदा लिंदा तन–मनको ऊर्जालाई नवीनता दिन महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

यसैको साथ आफ्नो ऊर्जाको स्तर बनाइराख्नुपर्छ, जुन कि कार्यको बोझलाई सम्पन्न गर्न सहायक सिद्ध हुन्छ। यसको लागि स्वस्थ एवं सन्तुलित जीवनशैली अपनाउने प्रयास गर्नुपर्छ । कार्यको दबाबबाट निप्टाउनमा स्वस्थ एवं निरोगी तन–मनको महत्त्वलाई बेवास्ता गर्नुहुँदैन। खानपानको लापरवाही एवं पर्याप्त निद्राको अभावले जीवनको लय डगमगाउन सक्छ। अतः पौष्टिक भोजन, पर्याप्त निद्रा महत्त्वपूर्ण हुन्छ। साथै सकारात्मक सोच एवं सामञ्जस्यपूर्ण व्यवहार मिलेर जीवनको ऊर्जा एवं उत्साहलाई अधिकांश समय बनाइराख्छ, जुन कि कार्यको दबाबबाट निप्टाउनमा आफ्नो प्रभावी भूमिका निर्वाह गर्छ ।

# शिक्षक सङ्घको पालिका भेला सम्पन्न

प्रमोद यादव, पंचगावाँ, २२ फागुन/

पर्साको पटेर्वासुगौली गाउँपालिका–४ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दापको प्राङ्गणमा नेपाल शिक्षक सङ्घको गाउँपालिकास्तरीय प्रतिनिधि भेला सम्पन्न भएको छ ।




'शिक्षकहरूको मर्यादित पेशा विद्यार्थीलाई जीवनोपयोगी शिक्षा' मूल नाराका साथ भएको सम्पन्न कार्यक्रममा प्रमुख अतिथि नेपाली काङ्ग्रेसका नेता तथा पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरी थिए। नेपाल शिक्षक सङ्घ पटेर्वासुगौली गाउँपालिका एकाइ अध्यक्ष हरिराज यादवको सभापतित्वमा सम्पन्न कार्यक्रममा चन्द्रकिशोर चौधरी, पटेर्वासुगौली गाउँपालिका उपाध्यक्ष ममता महतो, गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भुजेन्द्रप्रसाद यादव, शिक्षा अधिकृत शम्भु साह, नेपाल शिक्षक महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादव, शिक्षक सङ्घ पर्साका अध्यक्ष प्रदीप जैसवाल, पटेर्वासुगौली गाउँपालिका शिक्षक महासङ्घका अध्यक्ष मोहन दास, वनदेवी आधारभूत विद्यालय भतौडाका प्रधानाध्यापक सुभाषप्रसाद दासलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि पूर्वमन्त्री चौधरीले शिक्षा क्षेत्रको समस्या समाधान गर्दै शिक्षकको पेशागत हकअधिकार र आत्मसम्मानका तथा वृत्ति विकासका लागि स्थानीय तह गम्भीर भई काम गर्न सुझाव दिए। सो अवसरमा उक्त गाउँपालिका उपाध्यक्ष महतोले पालिकाबाट शिक्षक तथा विद्यालयहरूको समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जाहेर गरिन् । सो अवसरमा शिक्षक वक्ताहरूले पालिका क्षेत्रका शिक्षकहरूको पारिश्रमिक, बाल शिक्षक एवं निजी स्रोतका शिक्षकहरूको व्यवस्थापनलगायतबारे ध्यानाकर्षण गराएका थिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार


## जलवायु परिवर्तनको विरुद्धमा लड्न मोदीको आह्वान

नयाँ दिल्ली, २२ फागुन/एएनआई

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जलवायु परिवर्तनका विरुद्धमा लड्न सबैलाई आह्वान गरेका छन् ।

त्यसका लागि दुईवटा उपाय भएको उनको भनाइ छ । प्रधानमन्त्री मोदीले जलवायु परिवर्तनका विरुद्धमा लड्न नीतिगत व्यवस्था गरेर र मानवीय व्यवहार परिवर्तन गरेर लड्न सकिने बताए ।

सेरा सप्ताह २०२१ लाई प्रमुख वक्ताको रूपमा भिडियोमार्फत सम्बोधन गर्दै उनले जलवायु परिवर्तनका विरुद्धमा लड्नु सबैको साझा दायित्व भएकोमा पनि जोड दिए ।


भारतका प्रधानमन्त्री नरेन्द्र मोदी । तस्वीरः एएनआई

"भारतले प्राकृतिक वायुको उत्पादन बढाउने र हानिकारक वायुको मात्रा घटाउने कार्य गरिरहेको छ," प्रधानमन्त्री मोदीले भने ।

अहिले ६ प्रतिशत रहेकोमा आगामी सन् २०३० सम्ममा १५ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको पनि उनले जानकारी दिए। उनले जलवायु परिवर्तनका विरुद्धमा लड्ने सबैभन्दा बलियो उपाय भनेकै व्यवहार परिवर्तन भएको बताए ।

"कतिपय त्यस्ता व्यवहारले जलवायु परिवर्तनलाई सहयोग गरेका छन्, हाम्रा कतिपय त्यस्ता परम्परागत वा अहिले गरिरहेका व्यवहारमा परिवर्तन आवश्यक छ," उनले भने । रासस

## कोभ्याक्स विश्वका २० देशमा दुई करोड मात्रा पठाइयो

जेनेभा, २२ फागुन/सिन्ह्वा

विश्वका २० देशमा कोभ्याक्सको कार्यक्रम अनुसारका खोप पठाइएको विश्व स्वास्थ्य सङ्गठनले जानकारी दिएको छ ।




विश्व स्वास्थ्य सङ्गठनले दिएको जानकारी अनुसार कोभ्याक्स कार्यक्रम अनुसारका करीब दुई करोड मात्रा खोप विश्वका विभिन्न २० देशमा पठाइएको छ। विश्व स्वास्थ्य सङ्गठनले नेतृत्व गरेको कार्यक्रम अनुसार यो सहायताको खोप हो। यो कोभ्याक्सको मात्राका खोप विश्व स्वास्थ्य सङ्गठनले अनुदानस्वरूप विश्वका देशलाई उपलब्ध गराउने गरी स्थापना गरेको कार्यक्रम हो ।

यी खोप यसै हप्ताको सुरुआतदेखि खासगरी अफ्रिकाका देशमा पठाइएको हो । यो अनुदानको खोप वितरण गर्ने कार्यक्रम खासमा घानाबाट शुरू भएको थियो ।

विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस आधनम गेब्रियसले सो कुराको जानकारी दिएका हुन् । उनले आगामी हप्ता पनि यो खोप वितरणको कार्यक्रम रहेको बताए ।

आगामी हप्ता पनि बढीजसो अफ्रिकी देशलाई नै यो खोप दिइनेछ र आगामी हप्ता यो कार्यक्रम अन्तर्गतका करीब एक करोड ४० लाख मात्रा खोप अरू विभिन्न ३१ देशलाई उपलब्ध गराइनेछ ।

खोप वितरण अहिले निकै सानो जनसङ्ख्यामा रहेको तर यसलाई पछि बढाइने पनि उनले बताए ।

उनले भनेका छन्– अहिलेसम्म त यो खोप विश्वका यो कार्यक्रम अनुसारका खोप वितरण गरिएका देशका दुईदेखि तीन प्रतिशत मात्र नागरिकलाई यो खोपको मात्रा पुगेको छ ।

विश्व स्वास्थ्य सङ्गठनले विश्वमा खोप खरीद गर्न सक्ने अवस्था नरहेका अथवा खोपमा पहुँच नपुगेका गरीब देशलाई शुरूमा यो खोप अनुदानमार्फत दिइने गरी वितरणको कार्यक्रम बनाएको बताएको छ । रासस

## चीनले अरब लिगलाई कोभिड–१९ को खोप उपलब्ध गरायो

कायरो, २२ फागुन/सिन्ह्वा

चीनले अरब लिगलाई कोभिड–१९ विरुद्धको खोप उपलब्ध गराएको जनाएको छ। बिहीवार चीन सरकारले अरब लिगलाई सिनोफार्म कम्पनीले निर्माण गरेको कोभिड–१९ विरुद्धको खोप अरब लिगको सचिवालयमा उपलब्ध गराएको हो ।

इजिप्टको कायरोमा रहेको अरब लिगको सचिवालयमा लगेर इजिप्टका लागि चिनियाँ राजदूतले सो खोप उपलब्ध गराएका हुन्। इजिप्टका लागि चिनियाँ राजदूत लियो लिकियाङले सो कुराको जानकारी गराएका हुन् ।

त्यस अवसरमा उनले खोप उपलब्ध गराएसँगै यसबाट चीन र अरेबियाली देशका बीचको सम्बन्धमा नयाँ आयाम थपिने पनि उल्लेख गरे । उनले यो अवस्थाले चीन र अरब विश्वको सम्बन्ध आगामी दिनमा थप बलियो बन्दै जाने धारणा पनि राखे ।

उनले बहिरी विश्वमा जे जस्तोसुकै राजनीतिक अवस्था भएपनि चीन र अरब विश्वका देशबीचको सम्बन्ध राम्रो रहेको धारणा राखे ।

इजिप्टमा रहेको अरब लिगको सचिवालयमा एक विशेष समारोहको आयोजना गरेर खोप हस्तान्तरण कार्यक्रमको आयोजना गरिएको थियो । चीनले यसअघि पनि अरबका विभिन्न देशलाई सिनोफार्म कम्पनीको खोप उपलब्ध गराएको थियो ।

चीनले यसअघि पनि कोभिड सङ्क्रमणको सुरुआतका समयमा कतिपय अरब देशलाई स्वास्थ्य सामग्री उपलब्ध गराएको थियो । रासस

## प्रदेश सरकार भ्रष्टाचारको दलदलमा –चौधरी

प्रस, ठोरी, २२ फागुन/

प्रदेशसभा सदस्य शङ्करप्रसाद चौधरीले प्रदेश सरकार भ्रष्टाचारको दलदलमा फसेको कारण जनताले अपेक्षा गरेबमोजिमको विकास निर्माण कार्य गर्न नसकेको आरोप लगाएका छन् ।

नेपाल शिक्षक सङ्घ ठोरीको तेस्रो प्रतिनिधिसभा तथा वनभोज कार्यक्रमको उद्घाटन गर्दै प्रदेशसभा सदस्य चौधरीले नेपाली काङ्ग्रेसको निर्णयविपरीत वीरगंज राजधानीको लागि प्रस्ताव दर्ता गरिएको बताए । उनले आत्ममनोबल उच्च राखी सङ्गठन विस्तारमा लाग्न नेता, कार्यकर्ताहरूलाई सुझाए ।

वडा नं २ को रानीवासमा आयोजित कार्यक्रममा सहभागी शिक्षकहरूले गापाले मावि र आधारभूत विद्यालयबीच विभेद गरेको आरोप लगाएका थिए। उनीहरूले विद्यालय कर्मचारी र शिक्षकको मनोबल उच्च गर्न गाउँपालिकाले काम नगरेको बताए ।


तस्वीरः प्रतीक

नेपाल शिक्षक सङ्घ ठोरीका अध्यक्ष चिरञ्जीवी सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षक महासङ्घका केन्द्रीय सदस्य छोटेलाल साह, प्रदेश उपमहासचिव मोहनलाल कुर्मी, ट्रेड युनियन प्रदेशका अध्यक्ष लक्ष्मन कुर्मी, शिक्षक महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादव, शिक्षक सङ्घ पर्साका अध्यक्ष प्रदीप जैसवाल, नेका ठोरीका संयोजक शम्भुराम पौडेल, युवा नेता सन्तोष श्रेष्ठ, रामकृष्ण पन्तलगायतले प्रतिनिधिसभा सफलताको शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा स्वागत शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठले र सहजीकरण ब्रह्मपुरी आधारभूत विद्यालयका प्रअ सूर्य खड्काले गरेका थिए ।

## अभिभावकहरूलाई शैक्षिक परामर्श

प्रस, वीरगंज, २२ फागुन/

ज्ञानदा एकेडेमीले अभिभावकहरूलाई लक्षित गरेर शैक्षिक कार्यशाला गोष्ठी आयोजना गरेको छ ।

सो अवसरमा विद्यालयका प्रअ डा सिबी जदलीले अभिभावकहरूबाट बालबालिकाहरूले अनुसरण गर्ने हुनाले अभिभावक जागरूक हुनुपर्ने सुझाव दिए। उनले कुनै पनि क्रियाकलाप गर्दा बच्चाहरूमा असर पर्ने काम नगर्न अभिभावकहरूलाई सुझाए । बालबालिकाहरूको अगाडि हुने क्रियाकलापहरूको उनीहरूले सिको गर्ने हुनाले अभिभावहरूले यसबारेमा विशेष सजगता अपनाउनुपर्ने उनको सुझाव थियो।


तस्वीर सौजन्यः ज्ञानदा

२१औं शताब्दीमा बालबालिकाहरूको मनःस्थिति बुझेर अभिभावकले महत्त्वपूर्ण कदम चाल्नुपर्ने प्रअ डा जदलीले बताए।

कार्यक्रममा श्रब्यदृश्यमार्फत् पनि अभिभावकहरूलाई बालबालिकाहरूको आत्मविश्वास बढाउने उपायहरूको बारेमा जानकारी गराइएको थियो । कार्यक्रममा सहभागी अभिभावकहरूले आआफ्ना जिज्ञासा राखेका थिए ।

## खोपबारे ज्येष्ठ नागरिक.....

स्वास्थ्य संयोजक थिङले ठोरी, निर्मलबस्ती, सुवर्णपुरस्थित स्वास्थ्य चौकीमा कोरोनाविरुद्धको खोप लगाइने जानकारी गराए ।

उनले वडा नं १ र २ का ज्येष्ठ नागरिकलाई ठोरी–२ गौतमनगरस्थित स्वास्थ्यचौकी, वडा नं ३ र ४ का ज्येष्ठ नागरिकलाई विजयबस्ती स्वास्थ्यचौकी र वडा नं ५ का ज्येष्ठ नागरिकलाई सोही वडाको सुवर्णपुर स्वास्थ्यचौकीमा कोरोनाविरुद्धको खोप लगाउने व्यवस्था गरिएको बताए । उनले यो चरणको खोप फागुन २३ देखि २६ गतेसम्म ठोरी गाउँपालिकामा सञ्चालन हुने र त्यसका लागि प्रत्येक केन्द्रमा दुईजना खोप लगाउने स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयंसेवकको व्यवस्था गरिएको बताए । उनले अहिलेसम्म नेपालमा कोरोनाविरुद्धको खोपको कुनै नकारात्मक असर देखा नपरेको हुनाले गापाका सबै ज्येष्ठ नागरिकलाई खोप लगाएर सुरक्षित हुन आग्रह गरे ।

ठारी गाउँपालिकामा अनुमानित २ हजार ५ सय ज्येष्ठ नागरिक छन् ।

## त्रिभुवन हनुमान माविको अध्यक्षमा केडिया

प्रस, वीरगंज, २२ फागुन/

वीरगंज–६ स्थित त्रिभुवन हनुमान माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा गोपाल केडिया चयन भएका छन्। विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको शनिवार सम्पन्न बैठकले अध्यक्ष पदमा केडियालाई सर्वसम्मत चयन गरेको विद्यालयका प्रधानाध्यापक घनश्याम मिश्रले जानकारी गराएका छन् ।

व्यवस्थापन समितिका सदस्यहरूमा सुरेन्द्रप्रसाद कानू, शुभनारायण मेहता, रेखा देवी, सुपुनिता देवी, ज्योति ठाकुर, ध्रुव नेपाल र शिक्षक प्रतिनिधि सदस्यमा विजयकुमार यादव छन् ।


**पोखरिया नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय
पोखरिया, पर्सा
प्रदेश नं. २ नेपाल

**साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रमसम्बन्धी सूचना**

***प्रथमपटक प्रकाशित मिति २०७७/११/२३ गते***

आव २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, पोखरिया नगरपालिका अन्तर्गत राष्ट्रिय र स्थानीय महत्त्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली वस्तुको **साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम** सञ्चालन गर्नुपर्ने भएकोले उक्त पकेट सञ्चालन गर्ने इच्छुक कृषक समूह, कृषि सहकारी संस्था, जल/वन उपभोक्ता समिति, कृषि फर्महरूले आवश्यक कागजातसहित यो सूचना प्रकाशित मितिदेखि १५औं दिन २०७७/१२/८ गतेभित्र यस पोखरिया नगरपालिका कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कृषि सेवा शाखामा परियोजना कार्यान्वयनले तोकेको ढाँचा (अनुसूचि १०) अनुसार फर्म भरेर आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ। साथै यस विषयमा थप जानकारीको लागि पोखरिया नगरपालिकाको कृषि सेवा शाखामा मोनं ९८०७१५४५२९ मा सम्पर्क गर्न सकिन्छ।

**क) पकेट कार्यक्रमहरू :** खाद्यान्न बाली र तरकारी बाली

**ख) पकेट क्षेत्र :** पोखरिया नगरपालिका अन्तर्गत

**पकेट सञ्चालनका न्यूनतम आधारहरू**

| क्र.सं. | बाली वस्तु | एकाइ | न्यूनतम क्षेत्रफल हेक्टरमा | कैफियत |
|---|---|---|---|---|
| १) | खाद्यान्न बाली | हेक्टरमा | २० हेक्टर (३० बिघा) | |
| २) | तरकारी बाली | हेक्टरमा | २० हेक्टर (३० बिघा) | |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू :**

१) आवेदन (अनुसूची–१०) अनुसारको रु १०/– हुलाक टिकट टाँस भएको हुनुपर्ने ।
२) सम्बन्धित निकायमा कृषक समूह, कृषि सहकारी संस्था, जल/वन उपभोक्ता समिति, कृषि फर्म दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
३) पान नं., आव २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४) वडा कार्यालयको सिफारिशपत्र ।
५) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
६) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमीन)को स्वामित्व खुल्ने कागजात वा भाडा वा लिज भएमा ५ वर्षको सम्झौतानामाको प्रतिलिपि ।
७) पकेट माग गर्ने कार्यसमितिको निर्णयको प्रतिलिपि ।
८) अनुसूची १० अनुसारको निवेदन तथा अनुसूची ७ र ६ बमोजिम फाराम भरी पेश गर्नुपर्ने । फाराम कार्यालयबाट उपलब्ध गराइनेछ ।

**पोखरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पर्सा**



**Om Advertising**

A Complete art Solution

3D Flex Print 2D

Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate

Parwanipur, Bara
9802818703, 9846418703

**Poonam Arts**

......A Complete art Solution

- Flex Print
- Sticker Print
- Dps Board
- Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board

National Trading, Main Road, Birgunj
Ph: 051-525653




**Admission Open**

BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)

CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE

Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035


**आजको राशिफल**

| | |
|---|---|
| मेष – राज्यभय | वृष – रोगभय |
| मिथुन – यात्रालाभ | कर्कट – शत्रुभय |
| सिंह – कार्यनाश | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – कान्तिक्षय |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – कर्मप्राप्ति | मीन – पदोन्नति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# माउन्ट एडमन्डमा लक्ष्य निर्धारण कार्यशाला

प्रस, वीरगंज, २२ फागुन/

माउन्ट एडमन्ड माध्यमिक विद्यालयले लक्ष्य निर्धारण कार्यशाला गोष्ठी सम्पन्न गरेको छ ।

विद्यालयका प्रधानाध्यापक अनन्तकुमारलाल दास प्रमुख प्रशिक्षक रहेको सो कार्यक्रममा उनले भने– "सपना भनेको कल्पना मात्र हो र लक्ष्य भनेको योजनासहितको सपना हो । लक्ष्यबेगरको मानिस भनेको आत्माबेगरको मानिस हो । यदि लक्ष्य स्मार्ट भएन भने त्यो कहिल्यै पूरा हुँदैन र अहिलेका विद्यार्थीहरूले गोलपोस्टबेगर फूटबल खेलिरहेका हुनाले यो गोष्ठी विद्यार्थीहरूका लागि लाभदायक छ ।"

यसैगरी, सहायक प्रशिक्षिका सुनिधि दासले यदि समस्यामाथि जोड दिइयो भने लक्ष्य ओझेलमा पर्छ र लक्ष्यमाथि जोड दिइयो भने समस्या ओझेलमा पर्छ भन्दै चुनौतीपूर्ण लक्ष्य निर्धारण गरियो भने लक्ष्य हासिल गर्न रमाइलो हुने बताइन् ।

कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरू समावेश भएको सो कार्यशाला गोष्ठीमा लक्ष्य भनेको के हो ? यो किन आवश्यक



तस्वीरः प्रतीक

छ ? लक्ष्य कस्तो हुनुपर्छ ? लक्ष्यलाई कति श्रेणीमा विभाजन गरेर तयार गर्नुपर्छ ? लक्ष्यलाई कसरी स्मार्ट बनाउने ? लक्ष्य किन असफल हुन्छ ? स्वोट (SWOT) विश्लेषण कसरी गर्ने ? यसका के के फाइदाहरू छन् ? जस्ता विषयहरूको ज्ञानसहित अभ्यास र प्रदर्शनसमेत गराइएको थियो ।

कार्यक्रमको समापनमा कक्षा ८ की हिमानी यादवले भनिन्– "बल्ल थाहा पाइयो, लक्ष्यमाथि ध्यान दिंदा समस्या नै देखा पर्दैन ।" त्यस्तै लिजा श्रेष्ठले स्वोट विश्लेषणले हामीभित्र रहेको ताकत र कमजोरी तथा बाह्यरूपमा त्यसबाट हुने फाइदा र डरलाई हटाउन सहज हुने बताइन् । यसैगरी, राहुल यादव र हुलास गुप्ताले आगामी दिनमा हामी सबै विद्यार्थी स्मार्ट बन्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# माविको भवन उद्घाटन

प्रस, परवानीपुर, २२ फागुन/

भोजभगत माविको नयाँ भवनको उद्घाटन भएको छ ।

बारा जिल्ला परवानीपुर गाउँपालिका–३ लिपनीस्थित भोजभगत माविमा नवनिर्मित भवनको प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री जीतेन्द्र सोनलले उद्घाटन गरेका हुन् । वीरगंज–पथलैया ६ लेन सडक विस्तारको क्रममा सो विद्यालयको पुरानो भवन भत्काइएकोले नयाँ भवन निर्माण गरिएको हो । २०६४ सालपछि ४० लाख रुपैयाँको लागतमा निर्माण गरिएको विज्ञान भवनलाई नै विद्यालयको मुख्य भवनको रूपमा सञ्चालन गर्न शुभारम्भ गरिएको छ । करीब एक बिघा क्षेत्रफलमा निर्माण गरिएको विद्यालय भवनको उद्घाटन समारोहमा बाराका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, बाराका प्रहरी उपरीक्षक दीपेन्द्र शाही, प्रसौनी गापाका अध्यक्ष भोला गुप्ता, परवानीपुर गापाका अध्यक्ष हरिनारायण साह, वडाध्यक्षहरूलगायतको सहभागिता थियो ।

सो विद्यालयको पुरानो भवनमा प्लस २ सम्मको अध्ययन हुन्थ्यो भने नयाँ भवनमा कक्षा १० सम्म मात्र पठनपाठन गराइने विद्यालयका प्रधानाध्यापक चनरदेव कुशवाहाले बताए । उद्घाटन समारोहमा विद्यालयको लागि जग्गादान गर्ने स्व भोजभगतकी पत्नी स्व अनुपी देवीको सालिकको पनि अनावरण मन्त्री सोनलले गरेको उनका स्वकीय सचिव रमेश सर्राफले बताए ।

# सशस्त्र प्रहरी र अस्पतालद्वारा स्वास्थ्य शिविर सम्पन्न

प्रस, निजगढ, २२ फागुन/

बाराको जीतपुरसिमरा उपमहानगरपालिका–१६ पिलुवामा शनिवार स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं ४० रजिर्भ गण हेडक्वाटर पिलुवा बारा र एभरग्रीन तराई सिमरा अस्पतालको संयुक्त आयोजनामा सो शिविर भएको थियो ।

शिविरमा हाडजोर्नी, प्रसूति, दाँत, जनरल फिजिसियनसम्बन्धी विशेषज्ञहरूद्वारा सेवा प्रदान गरिएको थियो । मानवताबीचको सम्बन्ध, भाइचारा, सद्भावलाई प्रगाढ बनाउन शिविरले महत्त्वपूर्ण भूमिका खेल्नेमा आफूहरू आशावादी रहेको सशस्त्र प्रहरी बल नेपाल नं ४० रजिर्भ गण हेडक्वाटर पिलुवा बाराका प्रमुख एवं सशस्त्र प्रहरी उपरीक्षण मनोज थापा र एभरग्रीन तराई सिमरा अस्पतालका चिकित्सक रवीन्द्रकुमार सिंहले बताए । शिविरमा २५० जना स्थानीयको स्वास्थ्य परीक्षण गरिएको थियो ।

शिविरमा डा रवीन्द्रकुमार सिंह, डा नवीनकुमार सिंह, डा प्रशान्त ठाकुर, डा विवेकराज गौतम, डा श्वेता चौधरी, डा रञ्जन झा, डा दयानन्द आर्या, डा चन्दन यादव, नर्स रुक्मणी उपाध्यायलगायतको टोलीले स्वास्थ्य चेकजाँच गरेको थियो ।




# कम्प्युटर लेखा तालीम शुरू

प्रस, वीरगंज, २२ फागुन/

वीरगंज महानगरपालिका कार्यालयको सहयोग र युडी बाइ–सेफ कम्प्युटर एजुकेशनको आयोजनामा दलित, आदिवासी जनजाति, पिछडावर्गका युवायुवतीको लागि ४५ दिने कम्प्युटर लेखा तालीम सञ्चालन गरिएको छ ।

तालीमको उद्घाटन नगरप्रमुख विजयकुमार सरावगीले गरेका थिए । कार्यक्रममा २५ जना महिला तथा पुरुष सहभागी छन् । उनीहरूलाई प्रशिक्षक वंशीधर गुप्ता, सहायक प्रशिक्षक अभिजित चौधरीले प्रशिक्षण दिनेछन् । कार्यक्रममा ध्रुव नेपाल, मनोजकुमार कलवार, राजकिशोर गुप्ता, वडासदस्य कनिका कौशिक, सामाजिक महाशाखाका प्रतिनिधि रेणुका ढकालले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# खेलकुदको संसार

## तेस्रो सखुवाप्रसौनी गोल्डकप बारा–११ ले जित्यो

प्रस, पंचगावाँ, २२ फागुन/

तेस्रो सखुवाप्रसौनी गोल्डकप फूटबल प्रतियोगिताको उपाधि बारा–११ ले जितेको छ ।

प्रतियोगिताको फाइनलमा टाइब्रेकरमा पर्सा राइडर युथ क्लबलाई ३ का विरुद्ध ४ गोलअन्तरले बारा–११ ले उपाधि जितेको हो । फाइनल खेलको निर्धारित तथा अतिरिक्त समयमा दुवै टीम बराबरीमा रहेपछि टाइब्रेकरबाट निर्णय गरिएको थियो । प्रतियोगितामा विजेता र उपविजेता टीमलाई निलम्बित सांसद हरिनारायण रौनियारले नगद, शिल्ड, कप, प्रमाणपत्रसहित पुरस्कृत गरेका थिए । प्रतियोगिताको विजयीलाई १ लाख र उपविजयीलाई ५० हजार रुपैयाँ प्रदान गरिएको थियो ।

वडाध्यक्ष विश्वनाथ पटवारीको अध्यक्षतामा भएको समापन समारोहमा गापा अध्यक्ष प्रदीप जैसवाल, उपाध्यक्ष फूलमतिदेवी चौधरी, नेरामावि सिरही सथवलका प्रअ भागवतप्रसाद थारू, वडासचिव चन्द्रकिशोर पटेल, वडासदस्य पारसमहतो थारूलगायतको सहभागिता थियो ।

## नारायणी क्रिकेट रङ्गशालामा स्थानीय युवाहरूको दादागिरी

प्रस, परवानीपुर, २२ फागुन/

नारायणी क्रिकेट मैदानमा स्थानीय युवाहरूको दादागिरीका कारण फर्मा क्लबले शनिवार पूर्वघोषित प्रतियोगिता गर्न पाएन । नारायणी रङ्गशालादेखि पूर्व–दक्षिणतर्फ रहेको नारायणी क्रिकेट मैदानमा फर्मा क्लबले प्रतियोगिता गराउनको लागि क्यान पर्सासँग अग्रिम बुकिङ गरेको थियो । बिहान ६ देखि ११ बजेसम्मको लागि क्रिकेट मैदान बुकिङ गरिए पनि स्थानीय युवाहरूले सो मैदान खाली नगरिदिंदा प्रतियोगिता हुन नसकेको फर्मा क्लबले जनाएको छ । गत शनिवारदेखि आगामी पाँचवटा शनिवारका लागि फर्मा क्लबले मैदान बुकिङ गरेको थियो । तर त्यहाँ दैनिक अभ्यास गर्ने स्थानीय युवाहरूले मैदान खाली गरेनन् र आजको प्रतियोगिता स्थगित भयो ।

वीरगंज–पथलैया औद्योगिक कोरिडोरका १० वटा औषधि उद्योगमा कार्यरत फर्मासिस्टहरूले फर्मा क्लब सञ्चालन गरेका छन् । क्लबले प्रत्येक वर्ष मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता गराउँदै आएको छ । क्लबका अध्यक्ष देवानन्द साहले क्यान पर्सासँग मैदान शुल्क तिरेर अग्रिम बूक गरेको भएपनि युवाहरूले अटेरी गर्दा आजको प्रतियोगिता स्थगित गरिएको बताए ।

प्रतियोगिता हेर्न अतिथि, दर्शक आएका थिए भने मैदानमा टेन्ट, साउन्ड सिस्टमलगायतका व्यवस्था गरिएको भएपनि स्थानीय युवाहरूले मैदान खाली नगरेको र क्यानका पदाधिकारीहरूले पनि कार्यक्रम गराउन उदासीनता देखाएको अध्यक्ष साहले आरोप लगाए ।

## साइकल रेसको उपाधि आशिष् र कृतिले जिते

प्रस, परवानीपुर, २२ फागुन/

ग्यालेक्सी युथ क्लब पिपराले शनिवार आयोजना गरेको प्रथम खुला महिला तथा पुरुष साइकल रेस प्रतियोगिताको उपाधि आशिष्कुमार बैठा र कृति पटेलले जितेका छन् । 'वातावरण र स्वास्थ्यको लागि उपयुक्त साइकल' नाराका साथ वीरगंजको घण्टाघरबाट शुरू भएको साइकल रेस प्रतियोगितामा पुरुषतर्फ आशिष्कुमार बैठा प्रथम, नरेश कुमार द्वितीय र अवधेश गुप्ता तृतीय भए ।

यसैगरी, महिलातर्फ कृति पटेल प्रथम, प्रियङ्का गुप्ता द्वितीय र कुलसुम खातुन तृतीय भए । विजेताहरूलाई नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य अजयकुमार चौरसिया, नेता जनार्दनसिंह क्षत्री, पर्सागढी नगरपालिकाका प्रमुख लोकनारायण यादवलगायतले नगद, कदरपत्र प्रदान गरेका थिए । प्रथम हुनेलाई नगद ११ हजार, द्वितीयलाई नगद ५ हजार १ सय र तृतीय हुनेलाई नगद ३ हजार १ सयबाट पुरस्कृत गरिएको थियो । कार्यक्रम क्लबका अध्यक्ष राजेश पटेलको अध्यक्षतामा भएको थियो ।

## तेक्वान्दो खेलाडी छनोट

प्रस, निजगढ, २२ फागुन/

राष्ट्रिय तेक्वान्दो प्रतियोगिता इटहरी–२०७७ मा सहभागी गराउन राष्ट्रिय तेक्वान्दो सङ्घ नेपाल प्रदेश नं २ ले खेलाडीहरू छनोट गरेको छ । प्रदेश नं २ का बारा, पर्सा, रौतहट, सर्लाही, धनुषा जिल्लाका १०० जना खेलाडीमध्ये पुम्सेमा दुईजना पुरुष, दुईजना महिला, विभिन्न तौल समूहका गरी ६ जना पुरुष, ६ जना महिला गरी १६ जना खेलाडी छनोट गरिएको राष्ट्रिय तेक्वान्दो सङ्घ नेपाल प्रदेश नं २ का महासचिव सञ्जयलाल श्रेष्ठले जानकारी दिए ।

उक्त छनोटमा रेफ्रीहरू निर्मला गुरुङ, दीपक थापा, वर्षात मोक्तान, सविन शाही, राजकुमार गोले, जितेन स्माइली मगर, विष्णु पाण्डे रहेका थिए । खेलाडीहरूको क्षमता अभिवृद्धि गर्न खेलाडी छनोट गरिएको राष्ट्रिय तेक्वान्दो सङ्घ नेपाल प्रदेश नं २ का अध्यक्ष कुमार मोक्तानले बताए । उनले खेलको विकासका लागि स्थानीय तहले समेत सकारात्मक सहयोग गर्नुपर्ने बताए ।

# नेविप्रा वीरगंजमा स्मार्ट कक्ष सञ्चालन

प्रस, परवानीपुर, २२ फागुन/

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजमा एकीकृत सेवा उपलब्ध गराउने कक्षको उद्घाटन भएको छ । नेपाल विद्युत् प्राधिकरण प्रादेशिक कार्यालय जनकपुरका प्रमुख मनोजुकमार सिंहले शनिवार कक्षको शुभारम्भ गरेका थिए ।

प्राधिकरणमा सेवाग्राहीलाई महसूल बुझाउने कार्यबाहेक सबै प्रकारका सेवा एकै थलोबाट उपलब्ध गराउने उद्देश्यले स्मार्ट सिस्टमयुक्त सोधपूछ तथा एकीकृत कक्ष सञ्चालनमा ल्याइएको उनले जानकारी दिए । प्रादेशिक प्रमुख साहले देशका विभिन्न वितरण केन्द्रमा सेवाग्राहीलाई कम समयमा चुस्तदुरुस्त र पारदर्शी सेवा दिने लक्ष्य रहेको र सोको फलस्वरूप वीरगंजमा कक्ष शुरू गरिएको बताए । उनले कुनै प्रकारको सेवाबारे जानकारी, मिटर लिने, मिटर परिवर्तन, नामसारी, ठाउँसारीलगायतका सबै काम अब एउटै कोठाबाट हुने बताए । कुनै फाइल अरू शाखामा लैजानुपर्‍यो भने सो काम वितरण केन्द्रका कर्मचारीहरूले गर्ने बताए ।

सो कक्षमा अन्य सेवाको राजस्व पनि लिइने वितरण केन्द्र वीरगंजका प्रमुख शम्भु कुसियत रायले बताए । कार्यक्रममा केन्द्रका लेखा प्रमुख राजेशकुमार झा, प्रशासन प्रमुख कृष्णप्रसाद पन्तलगायत प्राधिकरणका कर्मचारीहरू सहभागी थिए ।

# २३ क्यूफिट काठसहित चारवटा साइकल बरामद

प्रस, बिरुवागुठी, २२ फागुन/

सबडिभिजन कार्यालय रङ्गपुरले गएराति तीन थान सालको काठ र तीनवटा साइकल बरामद गरेको छ ।

गस्तीको क्रममा अन्दाजी १४ क्यूफिट तीन थान सालको काठ र तीनवटा साइकल बरामद गरिएको सुबेदार प्रदीप तिमिल्सिनाले बताए । उनले रङ्गपुरको जङ्गलबाट चोरी तस्करी गरी साइकलमा ल्याउँदै गरेको काठ वनगस्ती टोलीलाई देखेर तस्करहरूले फ्याँकेर भागेको जानकारी गराए ।

त्यसैगरी, गएराति नै सबडिभिजन वन कार्यालय बडनियारले छतिवन टाँडीबाट एक थान गुलिया र सालको काठ बरामद गरेको छ ।

बडनियारका जमदार अर्जुन चौधरीको कमान्डमा खटेको गस्ती टोलीले ९ क्यूफिट काठ र साइकल बरामद गरेको बताइएको छ ।

# ठोरीमा चार दिने स्वास्थ्य शिविर शुरू

प्रस, ठोरी, २२ फागुन/

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा ठोरी गाउँपालिकामा चार दिने पाठेघरसम्बन्धी परीक्षण तथा निश्शुल्क स्वास्थ्य शिविर शुरू भएको छ ।

वडा कार्यालयको आयोजनामा वयोधा अस्पताल वीरगंज र उन्नति मेडिकल सुवर्णपुरको प्राविधिक सहयोगमा आयोजित शिविरको उद्घाटन उपाध्यक्ष शान्तिमाया थिङले गरेकी थिइन् ।

उनले महिलाहरूको हकहित महिला दिवसमा मात्र नभई ३६५ दिन लागू हुनुपर्ने बताइन् । उनले समाजका धेरैजसो महिला स्वास्थ्य संस्थासम्म पुगेर उपचार गराउने हैसियतमा नरहेकाले गाउँपालिकामा शिविर सञ्चालन गरेको भन्दै सोबाट लाभ लिन आग्रह गरिन् । उनले घरायसी हिंसा र अशिक्षाको कारण महिलाहरू आफ्नो रोगलाई लुकाउने गरेको र पछि समस्या बल्झेर पीडित हुने गरेको भन्दै शिविरमा खुलेर आफ्नो रोगको उपचार गराउन सुझाइन् । कार्यक्रममा सुनीता बुढाथोकीले स्वागत गरेकी थिइन् भने सहजीकरण चन्द्र नेवारले गरेका थिए ।

वडाध्यक्ष रामबहादुर पाख्रिनको अध्यक्षतामा भएको उद्घाटन समारोहमा स्वास्थ्य संयोजक रमेश थिङ, शिक्षक महासङ्घका अध्यक्ष अमृत श्रेष्ठ, समाजसेवी लेखमान थापालगायतले शुभकामना व्यक्त गरेका थिए । शिविर सुवर्णपुरमा दुई दिन र वडा नं ३ सरस्वती आधारभूत विद्यालय ब्रह्मनगरमा फागुन २४ गते १ दिन तथा वडा नं २ स्वास्थ्यचौकीमा फागुन २५ गते १ दिन सञ्चालन हुने आयोजक संस्थाले जनाएको छ ।



**स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी**

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।

